नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं माघ १६ गते, २०६८ साल (संख्या ४०

भाग ५

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

सूचना १

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी स्ववासी घर वा घरजग्गा र बेनिस्सा जग्गा दर्ता समिति गठन तथा कार्यविधि जारी गरेको छ।

१. **समितिको गठन** : नेपाल भित्रका मालपोत कार्यालय रहेको प्रत्येक जिल्ला/क्षेत्रमा देहाय बमोजिमको पदाधिकारीहरु रहेको स्ववासी घर वा घरजग्गा र बेनिस्सा जग्गा दर्ता समिति रहनेछ–

(क) सम्बन्धित मालपोत कार्यालयको प्रमुख -अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि-सदस्य

(ग) सम्बन्धित नापी कार्यालयको प्रमुख -सदस्य

(घ) सम्बन्धित नगरपालिका/गाउँ विकास समितिको प्रतिनिधि-सदस्य

(ङ) सम्बन्धित मालपोत कार्यालयको वरिष्ठ कर्मचारी -सदस्य-सचिव

२. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ४ मा उल्लेख भएको समयभित्र खण्ड (ग) र (घ) बमोजिमको स्ववासी घर वा घरजग्गा र बेनिस्सा जग्गा दर्ता सम्बन्धी निवेदन माग गर्न सूचना जारी गर्ने, सोको व्यापक प्रचार प्रसार गर्ने गराउने र निवेदन लिने,

(ख) समितिमा पर्न आएका निवेदनहरु उपर दफा ५ मा उल्लेख भए बमोजिमको कार्यविधि पूरा गरी छानविन गर्ने,

(ग) सार्वजनिक र निर्धारित वन सिमाना भित्रको बाहेक साविकमा दर्ता तिरो केही नभएको जग्गामा घर बनाई बसोवास गरी आएको घरजग्गाको जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम मिति २०३३।७।३ सम्म भएको शुरु (साविक) नापीको नक्सामा घर जनिई फिल्डबुकमा घर, गोठ, घरपाताल, आँगन, घडेरी, घरजग्गा, रछ्यान आदि घर वा घरबारीसंग सम्बन्धित अर्थ आउने व्यहोरा जनिएको वा फिल्डबुकमा कुनै व्यहोरा उल्लेख नभए पनि नक्सामा घर जनिई नाप नक्सा भई कसैको नाममा दर्ता नभएको देहाय बमोजिमको स्ववासी घर वा सो घरले चर्चेको घरजग्गा सम्बन्धित व्यक्तिको नाममा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याँकनको १० प्रतिशतका दरले हुन आउने दस्तुर लिई दर्ता गर्ने निर्णय गर्ने,

(१) काठमाडौं उपत्यकाभित्रको महानगरपालिका/उपमहानगरपालिकाको हकमा बढीमा क्षेत्रफल रोपनी १-०-०-० सम्म,

(२) काठमाडौं उपत्यकाभित्रको महानगरपालिका/उपमहानगरपालिका बाहेक अन्य क्षेत्रको हकमा बढीमा क्षेत्रफल रोपनी ५-०-०-० सम्म,

(३) काठमाडौं उपत्यका बाहेक अन्य पहाडी क्षेत्रको हकमा बढीमा क्षेत्रफल रोपनी ५-०-०-० सम्म,

(४) भित्री मधेश लगायत तराई क्षेत्रको उपमहानगरपालिका/नगरपालिका क्षेत्रको हकमा बढीमा क्षेत्रफल विगहा ०-५-० सम्म र उपमहानगरपालिका/नगर पालिका बाहेकको क्षेत्रको हकमा बढीमा क्षेत्रफल विगहा १-०-० सम्म ।

(घ) सार्वजनिक र निर्धारित वन सिमाना भित्रको बाहेक साविकमा दर्ता तिरो

२०९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही नभएको जग्गामा वेनिस्सा हकभोग भई आवाद गरी खाई आएको जग्गा, जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम मिति २०३३।७३ सम्म भएको शुरु (साविक) नापी हुँदा फिल्डबुकमा व्यक्तिको नाम लेखी विरहमा मकै, लसुन, प्याज, आलु, रायो, तोरी वा आवादी जग्गासंग सम्बन्धित अर्थ आउने व्यहोरा र कैफियत महलमा वेनिस्सा उल्लेख भई कसैको नाममा दर्ता नभएको देहाय बमोजिमको वेनिस्सा जग्गा सम्बन्धित व्यक्तिको नाममा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्याँकनको १० प्रतिशतका दरले हुन आउने दस्तुर लिई दर्ता गर्ने निर्णय गर्ने,

(१) काठमाडौं उपत्यकाभित्रको महानगरपालिका/उपमहानगरपालिकाको हकमा बढीमा क्षेत्रफल रोपनी १-०-०-० सम्म,

(२) काठमाडौं उपत्यकाभित्रको महानगरपालिका/उपमहानगरपालिका बाहेक अन्य क्षेत्रको हकमा बढीमा क्षेत्रफल रोपनी ५-०-०-० सम्म,

(३) काठमाडौं उपत्यका बाहेक अन्य पहाडी क्षेत्रको हकमा बढीमा क्षेत्रफल रोपनी ५-०-०-० सम्म,

(४) भित्री मधेश लगायत तराई क्षेत्रको उपमहानगरपालिका/नगरपालिका क्षेत्रको हकमा बढीमा क्षेत्रफल विगहा ०-५-० सम्म र उपमहानगरपालिका/नगर पालिका बाहेकको क्षेत्रको हकमा बढीमा क्षेत्रफल विगहा १-०-० सम्म ।

(ङ) समितिमा निर्णयको लागि पेश भई दर्ता गर्ने निर्णय भएका निवेदनहरु निर्णय कार्यान्वयन (जग्गाधनी दर्ता श्रेस्ता जग्गाधनी प्रमाणपुर्जा तयार गर्ने र सम्बन्धित व्यक्तिलाई प्रमाण पूर्जा उपलब्ध गराउने) का लागि मालपोत कार्यालयमा पठाउने,

(च) माथि खण्ड (ङ) मा उल्लेख भए बमोजिम कार्यान्वयनका लागि समितिको निर्णय प्राप्त भएपछि त्यस्तो स्ववासी घर वा वेनिस्सा जग्गाको जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम शुरु(साविक) नापी भएको सालदेखिको हुन आउने मालपोत असूलीका लागि स्थानीय निकायमा लेखी पठाई सो असूलीको प्रमाण पेश भएपछि सम्बन्धित मालपोत कार्यालयले जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी प्रमाणपूर्जा तयार गर्ने र सम्बन्धित व्यक्तिलाई प्रमाणपूर्जा उपलब्ध गराउने,

(छ) समितिको काम कारवाहीलाई छिटो छरितो ढंगबाट संचालन गर्न सकिने गरी कार्य योजना बनाई कार्य सम्पादन गर्ने गराउने,

(ज) समितिले गरेको काम कारवाहीको मासिक तथा वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसदको कृषि तथा सहकारी समिति, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र भूमिसुधार तथा व्यवस्थापन विभाग समक्ष त्रैमासिक रुपमा पेश गर्ने ।

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकतानुसार समितिले उपयुक्त ठहऱ्याएको समयमा सम्बन्धित मालपोत कार्यालयमा बस्नेछ ।

(२) वन क्षेत्रसंग जोडिएको स्ववासी घर वा वेनिस्साको जग्गाको हकमा समितिले बैठकमा सम्बन्धित जिल्लाको जिल्ला वन कार्यालयको अधिकृत प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) समितिको बैठक बस्नको लागि कम्तीमा तीन जना सदस्यहरुको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ ।

४. **निवेदन सम्बन्धी व्यवस्था** : दफा २ को देहाय खण्ड(ग) र (घ) मा उल्लेख भए बमोजिम स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ताको लागि सम्बन्धित भोगवाला व्यक्तिले देहायको प्रमाण कागजात संलग्न गरी यो समिति गठन तथा कार्यविधि सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित भएको मितिले छ महिनाभित्र सम्बन्धित जिल्ला/क्षेत्रको स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ता समिति समक्ष निवेदन दिनु पर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्वीकृति लिई वा नक्सा पास गरी बनाएको घर भए त्यसको प्रतिलिपि,

(ग) स्थानीय निकाय(गाउँ विकास समिति/नगरपालिका/उपमहानगर पालिका/महानगरपालिका) को भोग सम्बन्धी सिफारिस,

(घ) नापी कार्यालयबाट ट्रेस भएको सम्बन्धित जग्गाको प्रमाणित नक्सा ट्रेस उतार,

(ङ) नापी कार्यालयबाट प्रमाणित फिल्डबुक उतारको प्रतिलिपि,

(च) सम्भव भएसम्म खानेपानी वा विद्युत महसुल बुझाएको रसिदको प्रतिलिपि,

(छ) त्यस्तो घर वा जग्गासंग सम्बन्धित अन्य कुनै प्रमाण भए सोको प्रतिलिपि ।

५. **कार्यविधि** : दफा ४ बमोजिम स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ता सम्बन्धमा पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण संकलन तथा छानविन गर्नेछ :-

(क) निवेदनमा उल्लेख भएको घर वा जग्गासंग सम्बन्धित कार्यालयमा भएको अभिलेखसंग भिडाउने र त्यस्तो अभिलेख अन्य कार्यालयमा रहने भए त्यस्तो अभिलेख माग गरी मिसिल सामेल राख्ने,

३०५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भोग सम्बन्धमा सम्बन्धित स्थानीय निकाय बुझ्ने,

(ग) कारवाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(घ) प्रचलित कानून बमोजिम हकदावी सम्बन्धी बाटाको म्याद बाहेक पैतीस दिने सार्वजनिक सूचना जारी गर्ने,

(ङ) प्रचलित कानून बमोजिम हक तथा भोग सम्बन्धी सर्जमिन तथा स्थलगत निरीक्षण गर्ने गराउने,

(च) आवश्यकता अनुसार अन्य प्रमाण बुझ्ने ।

६. **निर्णयको लागि समितिको बेठकमा पेश गर्ने तथा निर्णय कार्यान्वयन गर्ने** : (१) स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ताका लागि समिति समक्ष निवेदन पेश भई समितिबाट कारवाही तथा छानविन गर्दा व्यक्तिको नाममा दर्ता हुनु पर्ने देखिए निर्णयको लागि समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णयका लागि समितिको बैठकमा पेश भई समितिको बैठकबाट दर्ता गर्ने गरी निर्णय भएपछि कार्यान्वयन तथा जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपूर्जा तयार गर्नका लागि मालपोत कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मालपोत कार्यालयमा प्राप्त हुन आएपछि जग्गाधनी दर्ता श्रेस्ता/प्रमाणपूर्जा तयार गरी वितरण गर्ने लगायतका निर्णय कार्यान्वयन सम्बन्धी कार्य सम्बन्धित मालपोत कार्यालयले गर्नेछ ।

७. **अधिकार प्रत्यायोजन** : स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ता गर्ने निर्णय गर्ने बाहेक अन्य अधिकार समितिले समितिका अध्यक्ष तथा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. **निर्देशन, अनुगमन तथा निरीक्षण**: (१) समितिको काम कारवाहीको विषयमा कुनै द्विविधा उत्पन्न भएमा भूमिसुधार तथा व्यवस्थापन विभागमा लिखित निर्देशन माग गर्न सक्नेछ ।

(२) समितिबाट भए गरेका कामको प्रगति विवरण समितिले भूमिसुधार तथा व्यवस्थापन विभागमा मासिक रुपमा पठाउनु पर्नेछ ।

(३) समितिबाट भए गरेका कामको भूमिसुधार तथा व्यवस्था मन्त्रालय र भूमिसुधार तथा व्यवस्थापन विभागले आवश्यकतानुसार अनुगमन तथा निरीक्षण

४०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न सक्नेछ ।

(४) समितिबाट भए गरेका कामको अन्तिम प्रतिवेदन तथा प्रगति विवरण भूमिसुधार तथा व्यवस्था मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. <u>कार्यावधि</u> : स्ववासी घर वा घरजग्गा र वेनिस्सा जग्गा दर्ता गर्ने प्रयोजनको लागि समितिको कार्यावधि नेपाल राजपत्रमा यो सूचना प्रकाशित भएको मितिले एक वर्षको हुनेछ । साथै सो अवधिभित्र दफा ४ बमोजिम पर्न आएका निवेदनहरुको फछ्र्यौट समेत गरी सक्नु पर्नेछ ।

१०. **<u>बाधा अडकाउ फुकाउने अधिकार</u>** : यो आदेश कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ ।

सूचना २

शिक्षण वा स्वास्थ्य संस्थाहरुको भोग चलनमा रहेको, औद्योगिक तथा कृषि उद्योगको काममा तोकिएको शर्त अनुसार लगाइएको र सहकारी खेती गर्ने संस्थाको नाममा रहेको जग्गाको अधिकतम हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम आदेश जारी गर्न र कम्पनी ऐन अर्न्तगत दर्ता भएका संस्थाहरुबाट सञ्चालन हुदै आएको घर जग्गाको व्यवसायिक कारोबारलाई व्यवस्थित गर्नका निमित्त आवश्यक नीतिगत व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, मन्त्रिपरिषद्ले यो "हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८" जारी गरी लागू गरेको छ ।

१. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशको प्रयोजनको लागि,

(क) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले भूमिसुधार तथा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लाको भूमिसुधार कार्यालय वा कार्यालय नभएको जिल्ला वा क्षेत्रका लागि भूमिसुधार कार्यालय समेतको काम हेर्ने मालपोत कार्यालय सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा उद्योगको रुपमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ङ) "प्रतिष्ठान" भन्नाले प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा उद्योग, शिक्षण संस्था, स्वास्थ्य संस्था र सहकारी खेती गर्ने संस्थाको रुपमा दर्ता भएको संस्था सम्झनु पर्छ ।

२. **हदबन्दी भन्दा बढी जग्गा खरिद सम्बन्धी व्यवस्था :** (१) हदबन्दी भन्दा बढी जग्गा राखी उद्योग सञ्चालन गर्न चाहने उद्योग/प्रतिष्ठानहरुले हदबन्दी भन्दा बढी जग्गा खरिद गर्नका लागि देहायका कागजातहरु संलग्न गरी जग्गा खरिद गर्ने क्षेत्र (जिल्ला, गा.वि.स./न.पा.,वडा नं.), क्षेत्रफल र खरिद गर्न लाग्ने समयावधि उल्लेख गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) उद्योग/प्रतिष्ठान दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ख) उद्योग/प्रतिष्ठानको कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ग) उद्योग/प्रतिष्ठानको प्रबन्धपत्रको प्रतिलिपि,

(घ) उद्योग/प्रतिष्ठानको नियमावलीको प्रतिलिपि,

(ङ) स्थानीय कर कार्यालयमा दर्ता भएको कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) उद्योग/प्रतिष्ठानका सञ्चालकहरु नेपाली नागरिक भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(छ) उद्योग/प्रतिष्ठान दर्ता गर्ने निकायले स्वीकृत गरेको परियोजनाको प्रतिलिपि,

(ज) उद्योग/प्रतिष्ठान वा कम्पनीको सञ्चालक खुल्ने प्रमाणपत्रको प्रतिलिपि वा सञ्चालकहरु हेरफेर भएमा सो सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(झ) सम्बन्धित विषयमा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपी र अख्तियारीपत्र,

(ञ) उद्योग सञ्चालन भैसकेको अवस्थामा उद्योगबाट भैरहेका कार्यहरुको विवरण,

४०३
आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको सिफारिस,

(ठ) कृषि उद्योग भए सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिस,

(ड) उद्योग/प्रतिष्ठान सञ्चालन गर्न अन्य निकायको स्वीकृति आवश्यक पर्ने भए सो सम्बन्धी कागजातको प्रतिलिपि,

(२) उपदफा (१) बमोजिम हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न निवेदन परेपछि सम्बन्धित कार्यालयले स्थलगत निरीक्षणका साथै आवश्यक छानविन गरी सम्बन्धित उद्योग/प्रतिष्ठानलाई अनुसूची-१ बमोजिम शर्तको कागज गराई रायसाथ विभागमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयबाट छानविन भई रायसाथ पेश भएपछि एक महिनाभित्र हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिन उपयुक्त देखिएमा विभागले आफ्नो रायसाथ मन्त्रालयमा पेश गर्नेछ र स्वीकृति दिन उपयुक्त नदेखिएमा सम्बन्धित निवेदकलाई सोही व्यहोराको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयमा पेश भएपछि अनुसूची-२ मा उल्लेख भए बमोजिमको उद्योग/प्रतिष्ठानहरुलाई सोही अनुसुचीमा उल्लेख भएको हदसम्मको जग्गा अनुसूची-१ मा उल्लेखित शर्त अनुसार उपभोग गर्ने गरी अवधि तोकी जग्गा खरिद गर्न मन्त्रालयले स्वीकृति दिन सक्नेछ ।

(५) अनुसूची-२ मा नपरेका क्षेत्रमा हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न आवश्यक परेमा वा अनुसूची-२ मा तोकिएको हद भन्दा बढी जग्गा खरिद गर्न परेमा मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम हुनेछ ।

(६) उपदफा (४) र (५) बमोजिम हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएको उद्योग/प्रतिष्ठानले मन्त्रालयले तोकेको म्यादभित्र जग्गा खरिद गरी सक्नु पर्नेछ ।

तर तोकिएको म्यादभित्र खरिद गर्न नसक्नाको कारण सहित म्याद थप गर्नु पर्ने अवधि उल्लेख गरी म्याद थपको लागि कार्यालयमा म्याद समाप्त हुनु अगावै निवेदन दिएमा खरिद गर्न नसक्नुको कारण र कार्य प्रगति हेरी कार्यालयको सिफारिसमा मन्त्रालयले म्याद थप गर्न सक्नेछ ।

३. **हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धी व्यवस्था** : (१) दफा २ बमोजिम हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएका उद्योग/प्रतिष्ठानहरुले

०६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही जग्गा मात्र खरिद गरी जग्गा खरिद गर्ने म्याद समाप्त भएको हकमा सो म्याद समाप्त भएको मितिले वा म्याद समाप्त नहुँदै सबै जग्गा खरिद भैसकेको हकमा जग्गा खरिद गरेको मितिले छ महिनाभित्र हदबन्दी भन्दा बढी जग्गा राख्न छूट लिनका लागि देहायका कागजातहरु संलग्न गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) उद्योग/प्रतिष्ठान दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ख) उद्योग/प्रतिष्ठानको कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ग) स्थानीय कर कार्यालयमा दर्ता भएको कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) उद्योग/प्रतिष्ठान वा कम्पनीको सञ्चालक खुल्ने प्रमाणपत्र वा सञ्चालकहरु हेरफेर भएमा सो सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(ङ) सम्बन्धित विषयमा सञ्चालक समितिबाट भएको निर्णय पुस्तिकाको प्रतिलिपि र अख्तियारीपत्र ।

(च) उद्योगको नाममा खरिद भएको जग्गाको जिल्ला, गाउँ विकास समिति/नगरपालिका, वडा नं., कि.नं. र क्षेत्रफल खुलेको विवरण र जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि,

(छ) उद्योग सञ्चालन भैसकेको अवस्थामा उद्योगबाट भए गरेका कार्यहरुको विवरण ।

(२) उपदफा (१) बमोजिम निवेदन परेपछि सम्बन्धित कार्यालयले उद्योग/प्रतिष्ठानको स्थलगत निरीक्षण एवं उद्योग/प्रतिष्ठान स्थापना हुँदाको र जग्गा खरिद गर्न स्वीकृति प्राप्त गर्दाका अवस्थामा तोकिएको शर्त अनुरुप काम गरेको छ, छैन, छानविन गरी तोकिएको शर्त अनुरुप कार्य सञ्चालन भैरहेको तथा कार्य प्रगति सन्तोषजनक रहेको देखिएमा हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिनका लागि रायसाथ विभागमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम रायसाथ पेश भएपछि एक महिनाभित्र हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिन उपयुक्त देखिएमा विभागले आफ्नो रायसाथ मन्त्रालयमा पेश गर्नेछ र स्वीकृति दिन उपयुक्त नदेखिएमा सम्बन्धित निवेदकलाई सोही व्यहोराको जानकारी दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिम पेश भएपछि कार्यालयबाट भएको स्थलगत निरीक्षण प्रतिवेदन, कार्यालय र विभागको रायका आधारमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो जग्गा राख्न हदबन्दी छूट दिन सक्नेछ ।

४. **हदबन्दीमा छूट पाएको जग्गा धितो राखी ऋण लिने सम्बन्धी व्यवस्था** : (१) उद्योग/प्रतिष्ठानले आफ्नो उद्देश्य अनुरुप उद्योग/प्रतिष्ठान सञ्चालन वा विकासको लागि हदबन्दीमा छूट पाएको जग्गा धितो राखी ऋण लिन आवश्यक परेमा बढीमा ५० प्रतिशतसम्म जग्गा कुनै बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिएको ऋणको साँवा ब्याज सम्बन्धित बैंक वा वित्तीय संस्थाले तोकेको म्यादभित्र बुझाउनु सम्बन्धित उद्योग/प्रतिष्ठानको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणको सावाँ, ब्याज नबुझाई जग्गा लिलाम हुने अवस्था सिर्जना भएमा उद्योग/प्रतिष्ठानको नाममा रहेको बाँकी जग्गा उद्योग/प्रतिष्ठानले उद्देश्य अनुरुपको काम नगरेको मानी भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गा प्राप्त गर्ने तर्फ कारबाही गरिनेछ ।

५. **उद्योग/प्रतिष्ठानको नाम वा उद्देश्य परिवर्तन सम्बन्धी व्यवस्था** : (१) हदबन्दी भन्दा बढी जग्गा राख्न छूट पाएका उद्योग/प्रतिष्ठानले प्रचलित कानून बमोजिम उद्योग/प्रतिष्ठानको नाम, ठेगाना परिवर्तन गर्न वा उद्देश्य परिवर्तन गर्न वा थप गर्न वा उद्योग/प्रतिष्ठानहरु एक आपसमा गाभ्न परेमा मन्त्रालयको स्वीकृति लिएर मात्र उद्योग दर्ता गर्ने निकायमा कारबाहीको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिदा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछः–

(क) उद्योग/प्रतिष्ठान दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ख) उद्योग/प्रतिष्ठानको कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ग) स्थानीय कर कार्यालयमा दर्ता भएको कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उद्योग/प्रतिष्ठान वा कम्पनीको सञ्चालक खुल्ने प्रमाणपत्रको प्रतिलिपि वा सञ्चालकहरु हेरफेर भएमा सो सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(ङ) सम्बन्धित विषयमा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि र अख्तियारीपत्र,

(च) सञ्चालन भैसकेको उद्योगको हकमा कार्य प्रगति विवरण ।

(३) उपदफा (२) बमोजिम निवेदन पेश भएपछि उद्योग/प्रतिष्ठानको नाम वा ठेगाना वा उद्देश्य परिवर्तन वा उद्योग/प्रतिष्ठान एक आपसमा गाभ्नु पर्नाको कारण र औचित्यता समेतको अध्ययन एवं स्थलगत निरीक्षण गरी कार्यालयले र ायसाथ विभागमा पेश गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएपछि विभागले आफ्नो रायसाथ मन्त्रालयमा पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएपछि उद्योग/प्रतिष्ठानले प्रस्तुत गर ेको कारण मनासिव देखिएमा मन्त्रालयले उद्योग/प्रतिष्ठानको नाम वा ठेगाना वा उद्देश्य परिवर्तन गर्न वा थप गर्न वा एउटा उद्योग/प्रतिष्ठान अर्को उद्योग/प्रतिष्ठानसंग गाभ्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योग/प्रतिष्ठानको नाम वा ठेगाना वा एउटा उद्योग/प्रतिष्ठान अर्को उद्योग/प्रतिष्ठानमा गाभिएमा त्यस्तो गाभिएको उद्योग/प्रतिष्ठानको नाममा रहेको अचल सम्पत्ति नाम वा ठेगाना परिवर्तन भएको वा गाभिएको उद्योग/प्रतिष्ठानको नाममा सम्वन्धित मालपोत कार्यालयबाट दाखिल खारेज हुनेछ ।

६. **हदबन्दीमा छूट पाएको जग्गा बिक्री सम्बन्धी व्यवस्था :** (१) औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स निर्माण गर्ने कम्पनीले आफ्नो उद्देश्य अनुरुप आवास भवन निर्माणको लागि विकसित घडेरी तयार भएपछि वा आवास भवन निर्माण भएपछि प्रचलित कानूनको अधीनमा रही त्यस्तो घडेरी (जग्गा) वा आवास भवन बिक्री गर्नका लागि देहाय बमोजिमको कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ख) कम्पनीको कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्थानीय कर कार्यालयमा दर्ता भएको कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) कम्पनीको सञ्चालक खुल्ने प्रमाणपत्र वा सञ्चालकहरु हेरफेर भएमा सो सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(ङ) सम्बन्धित विषयमा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपि र अख्तियारीपत्र,

(च) कम्पनीको अवस्था र उद्योगबाट भैरहेको कार्यहरुको विवरण,

(छ) कम्पनीका नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा ।

स्पष्टीकरण " विकसित घडेरी" भन्नाले कच्ची वा पक्की जे भएपनि अन्य कुनै निकायबाट मापदण्ड तोकिएकोमा सोही बमोजिम र नतोकिएमा कम्तीमा सोह्र फिटको बाटो भएको, स्थानीय सम्भाव्यता हेरी धारा, बिजुली र टेलिफोन लाइनको विस्तार भई विकासका पूर्वाधारहरु निर्माण भएको जग्गालाई सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएपछि एक महिनाभित्र आवश्यक छानविन गरी उपयुक्त देखिएमा विभागले त्यस्तो घडेरी(जग्गा) वा आवास भवन बिक्री गर्नका लागि स्वीकृति दिनेछ र उपयुक्त नदेखिएमा सम्बन्धित निवेदकलाई सोही व्यहोराको जानकारी दिनु पर्नेछ ।

७. **हदबन्दीमा छूट पाएको जग्गा बेचविखन, सट्टापट्टा र चक्लाबन्दी सम्बन्धी व्यवस्था** : (१) सञ्चालनको प्रक्रियामा रहेको वा सञ्चालन भई सकेको उद्योग/प्रतिष्ठान सामाजिक, आर्थिक, वातावरणीय, प्राविधिक वा अन्य कुनै कारणले तोकिएको स्थानमा संचालन गर्न उपयुक्त नभई हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएको वा हदबन्दी छूट पाएको जग्गा बेचविखन गरी सोको सट्टा अन्य ठाउँमा जग्गा लिनु परेमा वा अन्य कुनै जग्गासंग सट्टापट्टा वा चक्लाबन्दी गर्नु परेमा सोको कारण खुलाई देहायका कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) उद्योग/प्रतिष्ठान दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

(ख) उद्योग/प्रतिष्ठानको कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित) को प्रतिलिपि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) स्थानीय कर कार्यालयमा दर्ता भएको कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) उद्योग/प्रतिष्ठान वा कम्पनीको संचालक खुल्ने प्रमाण पत्र वा संचालकहरु हेरफेर भएमा सो सम्बन्धी कागजातहरुको प्रतिलिपि,

(ङ) सम्बन्धित विषयमा सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपी र अख्तियारीपत्र,

(च) उद्योग/प्रतिष्ठानको अवस्था र उद्योगबाट भैरहेको कार्यहरुको विवरण,

(छ) सम्बन्धित कार्यालयको सिफारिस,

(ज) उद्योगको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएपछि कार्यालयले आवश्यक छानविन गर्दा जग्गा बेचविखन गरी अन्य ठाउँमा जग्गा खरिद गरी सट्टापट्टा गर्न वा अर्को जग्गासंग सट्टापट्टा गर्न वा चक्लाबन्दी गर्न स्वीकृति दिन उपयुक्त देखिएमा विभागमा रायसाथ पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएपछि एक महिनाभित्र अन्य ठाउँमा जग्गा खरिद गरी सट्टापट्टा गर्न वा अर्को जग्गासंग सट्टापट्टा गर्न वा चक्लाबन्दी गर्न उपयुक्त देखिएमा विभागले आफ्नो रायसाथ मन्त्रालयमा पेश गर्नेछ र स्वीकृति दिन उपयुक्त नदेखिएमा सम्बन्धित निवेदकलाई सोही व्यहोराको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएपछि निवेदनमा उल्लेख भएको कारण मनासिव लागेमा मन्त्रालयले अवधि तोकि त्यस्तो जग्गा बेचविखन गरी सोको सट्टा अन्य ठाउँमा त्यति नै क्षेत्रफल बराबरको जग्गा खरिद गर्न वा अन्य कुनै जग्गासंग सट्टापट्टा गर्न वा चक्लाबन्दी गर्न स्वीकृति दिन सक्नेछ ।

(५) यसअघि हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न वा जग्गा सट्टापट्टा गर्न वा जग्गाको हक हस्तान्तरण गर्न स्वीकृति पाएका तर मनासिव माफिकको कार णले निर्धारित समयभित्र सो कार्य सम्पन्न गर्न नसकेका उद्योग/प्रतिष्ठानहरुलाई कार्यालय र विभागको सिफारिसमा मन्त्रालयले म्याद थप गर्न सक्नेछ ।

८. **अभिलेख सम्बन्धी व्यवस्था** : अधिकतम हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न वा हदबन्दी भन्दा बढी जग्गा राख्न छूट राख्न पाएका उद्योग/प्रतिष्ठानहरुको जग्गाको विवरण सहितको अभिलेख मन्त्रालय, विभाग र कार्यालयले राख्नु पर्नेछ ।

४१४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था** : (१) हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाएको वा हदबन्दी भन्दा बढी जग्गा राख्न छूट पाएको उद्योग/प्रतिष्ठानको कार्यालयले कम्तीमा वर्षको एक पटक स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) समय समयमा आवश्यकता अनुसार मन्त्रालय र विभागले त्यस्ता उद्योग/प्रतिष्ठानको निरीक्षण गराई प्रतिवेदन लिनु पर्नेछ ।

१०. **हदबन्दीमा छूट पाएको जग्गा प्राप्त गर्ने सम्बन्धी व्यवस्था** : (१) हदबन्दी भन्दा बढी जग्गा खरिद गर्न स्वीकृति पाए मध्ये सबै वा केही जग्गा खरिद गरेपछि वा हदबन्दी भन्दा बढी जग्गा राख्न छूट पाएपछि उद्देश्य अनुरुपको कार्य प्रारम्भ वा सञ्चालन नगरेमा वा तोकिएको शर्त पालना नगरेमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा १५ बमोजिम मन्त्रालयले सम्बन्धित निकायबाट जग्गा प्राप्त गर्ने तर्फ आवश्यक कारबाही गराउनेछ ।

(२) उद्योग/प्रतिष्ठानले कुनै बैंक तथा वित्तीय संस्थामा धितो राखी लिएको ऋण समयमा चुक्ता नगरेका कारणबाट हदबन्दी छूट पाएको जग्गा लिलाम भएमा वा बैंक वा वित्तीय संस्था आफैले सकार गरी लिएमा उद्योग/प्रतिष्ठानको नाममा बाँकी रहेको जग्गा उद्देश्य अनुरुपको कार्य संचालन नभएको मानी मन्त्रालयले भूमि सम्बन्धी ऐन, २०२१ को दफा १५ बमोजिम जग्गा प्राप्त गर्ने तर्फ आवश्यक कारबाही गराउनेछ ।

११. **सहकारी खेतीको लागि हदबन्दी छूट सम्बन्धी व्यवस्था** : सहकारी खेती गर्ने संस्थाले हदबन्दी भन्दा बढी जग्गा खरिद गर्ने, राख्न छूट दिने, धितो राखी ऋण लिने, संस्थाको नाम र उद्देश्य परिवर्तन गर्ने, जग्गा सट्टापट्टा गर्ने, जग्गा प्राप्त गर्ने र त्यस्तो संस्थाहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरु यसै आदेशमा व्यवस्था भए बमोजिम हुनेछ ।

१२. **घर जग्गाको व्यवसायिक कारोबार गर्ने संस्था/कम्पनीलाई हदबन्दी छूट सम्बन्धी व्यवस्था** : कम्पनी ऐन अर्न्तगत दर्ता भई संस्थागत रुपमा घर जग्गाको व्यवसायिक कारोबार (Housing) गर्ने संस्था/कम्पनीलाई हदबन्दी भन्दा बढी जग्गा खरिद गर्ने, राख्न छूट दिने, धितो राखी ऋण लिने, संस्थाको नाम परिवर्तन गर्ने, जग्गा सट्टापट्टा गर्ने, जग्गा प्राप्त गर्ने, जग्गा बिक्री गर्ने र त्यस्तो संस्था/कम्पनीहरुको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यहरु यसै आदेशमा व्यवस्था भए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **खारेजी तथा बचाउ** : (१) मिति २०२३ साल माघ १० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धी सूचना र उद्योग/प्रतिष्ठानहरुलाई अधिकतम हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धी कार्यनीति, २०६२ खारेज गरिएको छ।

(२) यो आदेश लागू हुनु भन्दा अगाडि भए गरेका काम कारबाहीहरु यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा २ को उपदफा (२) संग सम्बन्धित)

उद्योग/प्रतिष्ठान तथा सरकारी संस्थाले पालना गर्नु पर्ने शर्तहरु

१. हदबन्दी भन्दा बढी जग्गा खरिद गर्दा मोही नलागेको जग्गा खरिद गर्नु पर्नेछ ।

२. स्वीकृति लिई खरिद भएको जग्गाको भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट हदबन्दी छूट लिई उद्योग सञ्चालन गर्नु पर्नेछ ।

३. उद्योगको उद्देश्य र तोकिएको शर्त अनुरुपको प्रयोजनमा रहेसम्मको लागि मात्र हदबन्दी भन्दा बढी जग्गा राख्ने छूट कायम रहनेछ ।

४. उद्योगले हदबन्दी भन्दा बढी जग्गा राख्न छूट पाएको जग्गामा काबु बाहिरको परिस्थिति परेकोमा बाहेक उद्योगको उद्देश्य र शर्त अनुरुपको काम तोकिएको अवधिसम्ममा सम्पन्न गरी सक्नु पर्नेछ । उद्योगले उद्देश्य अनुसार काम नगरेको वा उद्देश्य विपरीत काम गरेमा त्यस्तो जग्गा भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम कारबाही हुनेछ ।

५. उद्योग सञ्चालन वा उद्योग बिकासको लागि आवश्यक परेमा उद्योगको नाममा रहेको जग्गा मध्ये ५० प्रतिशतमा नबढाई जग्गा कुनै बैंक वा वित्तीय संस्थामा धितो राख्नु पर्नेछ र सो धितो राखि लिएको ऋण समयमा चुक्ता नगरेको कारण प्रचलित कानून बमोजिम लिलाममा चढाउनु पर्ने अवस्था श्रृजना गरी हदबन्दी छूट पाएको जग्गा लिलाम भएमा वा बैंक तथा वित्तिय संस्था आफैले सकार गरी लिएमा उद्योगको नाममा बाँकी रहेको जग्गा उद्योगले उद्देश्य अनुरुप कार्य सञ्चालन नगरेको मानी भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम कारवाही गरी जग्गा प्राप्त गरिनेछ ।

६. हदबन्दी छुट पाएको जग्गा बेचविखन गरी सोको सट्टा अन्य ठाउँमा लिन वा अन्य व्यक्तिसंग जग्गा सट्टापट्टा गर्न वा चक्लाबन्दी गर्न

२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयबाट स्वीकृति पाएकोमा बाहेक बेचविखन वा अन्य कुनै व्यहोराले अरु कसैलाई हक हस्तान्तरण गर्न पाइने छैन ।

७. मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि मात्र उद्योगको नाम, ठेगाना वा उद्देश्य परिवर्तन र प्रचलित कानून बमोजिम अर्को उद्योगसंग गाभ्न पाइने छैन ।

८. हदबन्दी भन्दा बढी जग्गा राख्न छूट पाएको उद्योगको उद्देश्य एवं नाम परिवर्तन गर्न आवश्यक परेमा सम्बन्धित निकाय र मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९. उद्योगले हदबन्दी भन्दा बढी जग्गा राख्न छुट पाएको जग्गा भन्दा बढी जग्गा कुनै व्यहोराबाट प्राप्त वा खरिद गर्दा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति पाई त्यसरी प्राप्त वा खरिद गरिएका जग्गाको समेत हदबन्दी छूट लिनु पर्नेछ । स्वीकृति नलिई उद्योगले खरिद गरेको पाइएमा त्यस्तो जग्गा भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम कारबाही हुनेछ ।

१०. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उद्योगको प्रगति विवरण सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

११. लेखिए बाहेक अन्य कुराहरुको हकमा प्रचलित नेपाल कानून र नेपाल सरकारले तोकेको अन्य सबै शर्त पालना गर्नु पर्नेछ ।

रोहवर :	**उल्लेखित शर्तहरु मञ्जुर छ भनी सही गर्ने :**
हस्ताक्षर :	हस्ताक्षर :
नाम, थर :	नाम, थर :
पद :	उद्योग/प्रतिष्ठानको नाम :
कार्यालयको नाम :	ठेगाना :
मिति :	मिति :
कार्यालयको छाप :	उद्योग/प्रतिष्ठानको छाप :

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा २ को उपदफा (४) संग सम्बन्धित)

अधिकतम हदबन्दी भन्दा बढी जग्गा राख्न छूट दिन सकिने अधिकतम हद

सि.नं.	उद्योग/प्रतिष्ठानको प्रकार	पहाडी क्षेत्र (रोपनी)			भित्री मधेश र तराई क्षेत्र (विगहा)			काठमाडौ उपत्यका (रोपनी)
		साना	मझौला	ठूला	साना	मझौला	ठूला	ठूला
१.	उत्पादकमूलक उद्योग :							
	(क) सिमेण्ट (कारखाना प्रयोजनको लागि)	-	३००	५००	-	२५	५०	-
	(ख) चिनी (कारखाना)	-	-	-	-	३०	५०	-
	(ग) रसायनिक मल	-	-	-	-	-	२०	-
	(घ) सबै खालका खानी (डिटेल सर्भेक्षणको आधारमा)	आवश्यकता अनुसार						
२.	उर्जामूलक उद्योग :							
	(क) जलश्रोत (डिटेल सर्भेक्षणको आधारमा)	आवश्यकता अनुसार						
	(ख) प्राकृतिक ग्याँस, पेट्रोल उत्खनन (डि.स.)	आवश्यकता अनुसार						
३.	कृषि तथा वनजन्य उद्योग :							
	(क) फलफूल खेती	५००	१०००	१५००	५०	१००	१५०	-
	(ख) मत्स्यपालन	-	१००	१५०	-	३०	५०	-
	(ग) अलैची/कफी खेती	५००	१०००	१५००	-	-	-	-
	(घ) चिया खेती	२००	५००	१०००	२०	५०	१५०	-
	(ङ) जडिबुटी खेती तथा प्रशोधन	१००	५००	१०००	-	२०	५०	-
	(च) पुष्प तथा तरकारी नर्सरी	-	-	२००	-	-	२०	-
	(छ) लोक्ता खेती	२००	५००	१०००	-	-	-	-
	(ज) रबर खेती	-	-	-	-	५०	१००	-
	(झ) पंक्षी पालन	५०	१००	२००	-	-	-	-
	(ञ) पशुपालन चरण तथा घाँस उत्पादन	१००	५००	१०००	-	-	-	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	(ट) उखु खेती	-	-	-	-	१५०	३००	-
	(ठ) सहकारी खेती/करार खेती	५००	१०००	२०००	५०	१००	२००	-
४.	पर्यटन उद्योग :							
	(क) होटल (चारतारे र सो भन्दा माथि)	-	-	२००	-	-	१५	-
	(ख) जंगल रिसोर्ट	-	२००	३००	-	१५	२५	-
	(ग) गल्फ कोर्स/हात्ती/घोडा पोलो/अश्व आरोहण	-	-	२००	-	-	२५	१००
	(घ) फोहर मैला व्यवस्थापन	-	१५०	३००	-	१५	३०	-
	(ङ) IT पार्क	-	१००	२००	-	-	२०	-
	(च) सामुदायिक पार्क	-	१००	२००	-	१५	२०	७५
५.	सेवा उद्योग :							
	(क) चलचित्र सिटि	-	३००	५००	-	३०	५०	-
	(ख) वृद्धाश्रम	-	-	१५०	-	१५	२०	१००
	(ग) अस्पताल (१०० शैया भन्दा बढीको)	-	१००	२००	-	१५	२०	१००
	(घ) शिक्षण अस्पताल/शिक्षण संस्था/विश्वविद्यालय	-	-	३००	-	-	३०	१५०
६.	निर्माण उद्योग :							
	(क) हाउजिङ्ग उद्योग	-	१००	-	-	-	२०	६०

नोट :- (१) सामान्यतः कृषियोग्य भूमिमा कृषि तथा वन्यजन्तु उद्योग अर्न्तगत फलफूल खेती, मत्स्यपालन, अलैची/कफि खेती, जडिबुटी खेती तथा प्रशोधन, पुष्प तथा तरकारी नर्सरी, लोक्ता खेती, रबर खेती, उखु खेती, सहकारी/करार खेती बाहेक अन्य उद्योगहरुलाई हदबन्दी छूट उपलब्ध गराइने छैन ।

(२) यस अनुसूचीमा छूट दिन सकिने भनी उल्लेख भए बाहेक अन्य उद्योगहरुलाई काठमाडौ उपत्यकामा हदबन्दी छूट दिइने छैन ।

आज्ञाले
लालमणि जोशी
नेपाल सरकारको सचिव

४७९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भने न्यूनतम शैक्षिक योग्यता छुट्टा छुट्टै तोकिएको परीक्षाको हकमा खण्ड (१) बमोजिम कायम हुने उम्मेदवार संख्या त्यसरी छुट्टा छुट्टै न्यूनतम शैक्षिक योग्यता भएका सेवा वा समूह वा उपसमूहका लागि समेत पुगे नपुगेको हिसाव गरी सो संख्या नपुगुन्जेलसम्मको प्राप्ताङ्क ल्याउने सबै उम्मेदवारको नाम समेत समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

स्पष्टीकरण : यस नियमावलीको अनुसूचीको प्रयोजनको लागि "एकिकृत परीक्षा प्रणाली" भन्नाले एउटै श्रेणी वा तहका विभिन्न सेवा वा समूह वा उप समूहमा रहेका विभिन्न पदहरुका लागि सञ्चालन हुने परीक्षा मध्ये सवै वा केही बिषयमा एउटै परीक्षाको माध्यमबाट सञ्चालन गर्ने परीक्षा प्रणाली सम्झनु पर्छ।

३. प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्दा रिक्त माग पद संख्या १ देखि ५ सम्म भएमा थप ५ जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ। माग भएको रिक्त पद संख्या ६ वा सो भन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

४. समान स्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दा भिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्य पदको नतिजामा नाम समावेश भएका मध्ये जतिजना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

५. खण्ड (२) र (३) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्नेछ।

६. खण्ड (२) र (३) बमोजिम नतिजाको लागि संख्या निर्धारण गर्दा ०.५ (शून्य दशमलव पाँच) वा सो भन्दा बढी हुन आएमा मात्र पूर्ण अङ्क एक मान्नु पर्नेछ।

४२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. खण्ड (१) वा (२) वा (३) बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आईपरेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

८. माथिल्लो श्रेणी वा तह वा पदमा पहिले नै नियुक्तिको लागि सिफारिस भई सकेको उम्मेदवारको नाम अर्को पदको विज्ञापनको लिखित परीक्षाको नतिजामा समावेश गरिने छैन र समावेश नभएको संख्या बराबर अन्य उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।"

आज्ञाले,
श्याम प्रसाद मैनाली
लोक सेवा आयोगको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार